**बीमालेख नं. .............................................................................................. संग संलग्न र त्यसको क्रमिक भाग हुनेछ ।**

# सवारी साधन बीमालेखका सम्पुष्टि (Endorsement) सम्बन्धी व्यवस्था

**सम्पुष्टि नं. १, स्वेच्छिक अधिक** (Voluntary Excess) **सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) बीमालेखको तालिकामा उल्लेख भएको बीमाशुल्कमा विशेष छुट दिएको अवस्थामा सवारी साधन वा त्यसको पार्टपूर्जा वा दुवैको हानि-नोक्सानी भए वापत कुनै पनि प्रकारको दावीको क्षतिपूर्ति वापत पहिलो रकम रु. ............................ भुक्तानी गर्ने दायित्व बीमकको हुने छैन ।

(३) बीमकद्वारा गरिएको खर्चमा बीमितको दायित्व अन्तर्गतको खर्च समेत जोडिएको रहेछ भने त्यस्तो खर्च वापतको रकम बीमितले बीमकलाई शोधभर्ना गर्नु पर्नेछ ।

(४) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. २, अनिवार्य अधिक** (Compulsory Excess) **सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) बीमालेखको परिच्छेद-१ बमोजिम दिइने कुनै पनि प्रकारको दावी रकम वापत बीमालेखको तालिकामा उल्लेख भए बमोजिम रु. ....................................... अनिवार्य अधिक वापतको रकम भुक्तानी गर्ने दायित्व बीमकको हुने छैन । तर पूर्ण क्षति भएको अवस्थामा कुनै पनि अधिक कट्टा गर्न पाइने छैन ।

(३) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. ३, तेश्रो पक्षप्रतिको दायित्व बीमा सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) (क) मोटरसाइकल बीमालेखको परिच्छेद-१ र परिच्छेद-४ लागू हुने छैन ।

(ख) निजी सवारी साधन बीमालेखको परिच्छेद-१ र परिच्छेद-३ लागू हुने छैन ।

(ग) व्यावसायिक सवारी साधन बीमालेखको परिच्छेद-१, परिच्छेद-३ र परिच्छेद-४ लागू हुने छैन ।

(३) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. ४, निजी सवारी साधनको नाम उल्लेख भएको वा नभएको यात्री तथा बीमितको दुर्घटना बीमा सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई त्यसको अभिन्न अङ्ग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा नाम उल्लेख भएको वा नभएको यात्री, सवारी हाँकिरहेको व्यक्ति वा बीमितलाई बीमा गरिएको सवारी साधनमा सवार रहँदा वा चढ्दा वा ओर्लदा समेत दुर्घटनामा परी चोटपटक लागेको परिणाम स्वरूप एक सय त्रियासी (१८३) दिनभित्र (दुर्घटनाबाट चोटपटक लागि उक्त उपचार अविछिन्न रूपमा गर्दै गरेको क्रममा सो समयावधि पछि पनि सोही चोटपटकको कारणबाट मृत्यु भएको भनी प्रमाणित भएमा) देहाय बमोजिम क्षति भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम घाइते व्यक्ति वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले भुक्तानी दिनेछः-

(क) **चोटपटक वा अङ्गभङ्ग भएमाः** यात्रु, सवारी साधन हाँकिरहेको व्यक्ति वा बीमितलाई चोटपटक लागेमा, अङ्गभङ्ग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा अङ्गभङ्गको क्षतिपूर्ति र औषधोपचार खर्च तत् तत् शीर्षकको क्षतिपूर्तिको सीमाभित्र बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछः-

| क्षतिको विवरण | क्षतिपूर्तिको रकम रु. (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम) |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टि क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिदेखि शारीरिक रूपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिदेखि र एउटा आँखाको दृष्टि पूर्ण रूपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टि पूर्णरूपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिदेखि शारीरिक रूपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अङ्गभङ्ग भएमा (शारीरिक क्षतिको सम्बन्धित विशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |
| सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरूप भएको औषधोपचार खर्च | तीन लाखको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक खर्च |

माथि उल्लिखित क्षतिहरूमध्ये एकभन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येक व्यक्तिको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ ।

(ख) **कुरूवा खर्चः** यात्रु, सवारी हाँकिरहेको व्यक्ति वा बीमित घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन पाँच सय रुपैयाँको दरले बढीमा पैंतालीस (४५) दिनसम्मको कुरूवा खर्च औषधोपचार खर्चको सीमाभित्र रही बीमकले भुक्तानी दिनेछ ।

(ग) **एम्बुलेन्स खर्चः** दुर्घटना स्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रु. १०,०००।- (दश हजार रुपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बिलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमाभित्र रहनेछ ।

(घ) **किरिया खर्चः** यात्रु, सवारी हाँकिरहेको व्यक्ति वा बीमितको मृत्यु भएमा किरिया खर्च वापत प्रति मृतक पचास हजार रुपैयाँ (बीमकको कुल प्रति मृतक दायित्व पाँच लाख रुपैयाँको सीमाभित्र रही) बीमकले तत्काल भुक्तानी दिनेछ । यस्तो खर्च वापत भुक्तानीकर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दावीकर्तालाई भुक्तानी दिएको अवस्थामा भुक्तानी कर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा/रसिद पेश गरे पछि बीमकले मृत्यु दावी भुक्तानी गर्दा सो किरिया खर्च घटाई बाँकी रकम दावीकर्तालाई मृत्यु दावी भुक्तान गर्नु पर्नेछ र किरिया खर्चको रकम सो भुक्तानी कर्ता/यातायात व्यवसायीलाई सोधभर्ना दिनु पर्नेछ ।

(ङ) **मृत्यु भएमाः** यात्रु, सवारी हाँकिरहेको व्यक्ति वा बीमितको दुर्घटनाबाट मृत्यु भएको व्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा किरिया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रुपैयाँको दरले बीमकले भुक्तानी दिनेछ । यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दागर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन लाख रुपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ ।

**स्पष्टीकरणः** बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक तथा यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ ।

(३) आफैले जानाजान लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासबाट वा मादक पदार्थ वा लागू पदार्थको सेवनबाट दुर्घटनामा परी त्यसको परिणाम स्वरूप भएको हानि-नोक्सानी वापत बीमकले कुनै क्षतिपूर्ति दिने छैन ।

(४) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**स्पष्टीकरणः** उपर्युक्त बमोजिम निर्धारित रकमले सवारी सम्बन्धी प्रचलित कानूनमा उल्लिखित प्रावधानहरूलाई कुनै असर पर्नेछैन ।

**सम्पुष्टि नं. ५, व्यावसायिक सवारी साधनको यात्री प्रतिको दायित्व बीमा सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा सवारी साधनमा यात्री सवार रहँदा, चढ्दा वा ओर्लदा समेत दुर्घटनामा परी चोटपटक लागेको परिणाम स्वरूप एक सय त्रियासी (१८३) दिनभित्र देहाय बमोजिम क्षति भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम घाइते व्यक्ति वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले भुक्तानी दिनेछ ।

(क) **चोटपटक वा अङ्गभङ्ग भएमा:** सवारी साधनको यात्रुलाई चोटपटक लागेमा, अङ्गभङ्ग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछ:-

| क्षतिको विवरण | क्षतिपूर्तिको रकम रु. (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम) |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टि क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिदेखि शारीरिक रूपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिदेखि र एउटा आँखाको दृष्टि पूर्ण रूपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टि पूर्णरूपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिदेखि शारीरिक रूपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अङ्गभङ्ग भएमा (शारीरिक क्षतिको सम्बन्धित विशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |
| सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरूप भएको औषधोपचार खर्च | तीन लाखको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक खर्च |

माथि उल्लिखित क्षतिहरूमध्ये एकभन्दा बढी क्षति भएमा बीमकको दायित्व प्रत्येकको लागि तोकिएको बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ ।

(ख) **कुरुवा खर्च:** यात्रु घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रति दिन पाँच सय रुपैयाँको दरले बढीमा पैंतालीस (४५) दिनसम्मको कुरुवा खर्च औषधोपचार खर्चको सीमाभित्र रही बीमकले भुक्तानी दिनेछ ।

(ग) **एम्बुलेन्स खर्च:** दुर्घटना स्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रु. १०,०००।- (दश हजार रुपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बिलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमाभित्र रहनेछ ।

(घ) **किरिया खर्च:** यात्रुको मृत्यु भएमा किरिया खर्च वापत प्रति मृतक पचास हजार रुपैयाँ (बीमकको कुल प्रति मृतक दायित्व पाँच लाख रुपैयाँको सीमाभित्र रही) बीमकले तत्काल भुक्तानी दिनेछ । यस्तो खर्च वापत भुक्तानीकर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दावीकर्तालाई भुक्तानी दिएको अवस्थामा भुक्तानीकर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा/रसिद पेश गरे पछि बीमकले मृत्यु दावी भुक्तानी गर्दा सो किरिया खर्च घटाई बाँकी रकम दावीकर्तालाई मृत्यु दावी भुक्तानी गर्नु पर्नेछ र किरिया खर्चको रकम सो भुक्तानीकर्ता/यातायात व्यवसायीलाई सोधभर्ना दिनु पर्नेछ ।

(ङ) **मृत्यु भएमा:** यात्रुको दुर्घटनाबाट मृत्यु भएको व्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा किरिया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रुपैयाँको दरले बीमकले भुक्तानी दिनेछ । यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दागर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन लाख रुपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ ।

**स्पष्टीकरण:** बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक, सम्बन्धित अन्य कर्मचारी तथा यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ ।

(३) टिकट खरिद नगरेको देहाय बमोजिमको यात्रीको सम्बन्धमा प्रकरण (२) बमोजिम बीमकले व्यहोर्ने क्षतिपूर्ति देहाय बमोजिम हुनेछ:-

(क) एक बर्षभन्दा कम उमेरका यात्रीको हकमा टिकट लिएको यात्रीको लागि निर्धारित क्षतिपूर्तिको २५%,

(ख) एक वर्षदेखि पाँच वर्षसम्म उमेरका यात्रीको हकमा टिकट लिएको यात्रीको लागि निर्धारित क्षतिपूर्तिको ५०%

(४) बीमालेखको तालिकामा उल्लेख भएभन्दा बढी व्यक्ति बोकेको अवस्थामा सवारी साधन दुर्घटना भएमा बीमकले सीट संख्याको आधारमा दावी भुक्तानी प्रदान गर्नेछ ।

(५) आफैले जानाजान लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासबाट वा मादक पदार्थ वा लागू पदार्थको सेवनबाट दुर्घटनामा परी त्यसको परिणाम स्वरूप भएको हानि-नोक्सानी वापत बीमकले कुनै क्षतिपूर्ति दिने छैन ।

(६) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**स्पष्टीकरण:** उपर्युक्त बमोजिम निर्धारित रकमले सवारी सम्बन्धी प्रचलित कानूनमा उल्लिखित प्रावधानहरूलाई कुनै असर पर्ने छैन ।

**सम्पुष्टि नं. ६, सवारी साधनको चालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा अन्य कर्मचारीको दुर्घटना बीमा सम्बन्धी:**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी साधनको चालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा बीमितको अन्य कर्मचारी सवारी साधनमा कार्यरत् रहेको अवस्थामा त्यस्ता व्यक्तिलाई दुर्घटनाको परिणाम स्वरूप एक सय त्रियासी (१८३) दिनभित्र देहाय बमोजिमको क्षति भएको अवस्थामा देहाय बमोजिमको क्षतिपूर्ति रकम घाइते व्यक्ति वा निजको मृत्यु भएको अवस्थामा मृतकको नजिकको हकवालालाई बीमकले भुक्तानी दिनेछ ।

(क) **चोटपटक वा अङ्गभङ्ग भएमा:** सवारी साधनको चालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा बीमितको अन्य कर्मचारीलाई चोटपटक लागेमा, अङ्गभङ्ग भएमा वा औषधोपचार खर्च भएमा चिकित्सकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त निकाय वा अधिकारीले प्रमाणित गरेको देहायको अवस्थामा बीमकले प्रति व्यक्ति देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नेछ:-

| क्षतिको विवरण | क्षतिपूर्तिको रकम रु. (प्रत्येक व्यक्तिको लागि निर्धारित बीमाङ्क रकम) |
|---|---|
| मृत्यु भएमा | पाँच लाख |
| पूर्ण स्थायी अशक्तता भएमा | पाँच लाख |
| निको नहुने गरी दुवै आँखाको दृष्टि क्षति भएमा | पाँच लाख |
| दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिदेखि शारीरिक रूपले काम नलाग्ने भएमा | पाँच लाख |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिदेखि र एउटा आँखाको दृष्टि पूर्ण रूपले क्षति भएमा | पाँच लाख |
| एउटा आँखाको दृष्टि पूर्णरूपले क्षति भएमा | दुई लाख पचास हजार |
| एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिदेखि शारीरिक रूपले काम नलाग्ने गरी क्षति भएमा | दुई लाख पचास हजार |
| अन्य कुनै अङ्गभङ्ग भएमा (शारीरिक क्षतिको सम्बन्धित विशेषज्ञले निर्धारण गरेको मात्राको आधारमा) | शारीरिक क्षतिको समानुपातिक हुने गरी बीमाङ्कको प्रतिशत |
| सवारी साधन दुर्घटनाको प्रत्यक्ष तथा एक मात्र परिणाम स्वरूप भएको औषधोपचार खर्च | तीन लाखको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक खर्च |

माथि उल्लिखित क्षतिहरूमध्ये एकभन्दा बढी क्षति भएमा बीमकको दायित्व बीमाङ्क रकममा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ ।

(ख) **कुरूवा खर्चः** सवारी साधनको चालक, परिचालक, हेल्पर, चेकर, सुरक्षाकर्मी घाइते भई उपचारको लागि अस्पतालमा भर्ना भएको प्रमाणित भएमा त्यस्तो अवधिको लागि प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पैंतालीस (४५) दिनसम्मको कुरूवा खर्च औषधोपचार खर्चको सीमाभित्र रही बीमकले भुक्तानी दिनेछ ।

(ग) **एम्बुलेन्स खर्चः** दुर्घटनास्थलबाट वा प्रारम्भिक चिकित्सा अस्पतालबाट अर्को अस्पतालमा लैजानु पर्ने भएमा रु. १०,०००।- (दश हजार रुपैयाँ) वा वास्तविक खर्च जुन कम हुन्छ सम्बन्धित एम्बुलेन्सको बिलको भुक्तानी दिइनेछ र यस्तो खर्च औषधोपचारको सीमाभित्र रहनेछ ।

(घ) **किरिया खर्चः** सवारी साधनको चालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मीको मृत्यु भएमा किरिया खर्च वापत प्रति मृतक पचास हजार रुपैयाँ (बीमकको कुल प्रति मृतक दायित्व पाँच लाख रुपैयाँको सीमाभित्र रही) बीमकले तत्काल भुक्तानी दिनेछ । यस्तो खर्च वापत भुक्तानी कर्ता/यातायात व्यवसायीको तर्फबाट तत्काल सम्बन्धित तेश्रो पक्ष दावीकर्तालाई भुक्तानी दिएको अवस्थामा भुक्तानी कर्ता/यातायात व्यवसायीले सो भुक्तानी दिएको निस्सा/रसिद पेश गरे पछि बीमकले मृत्यु दावी भुक्तानी गर्दा सो किरिया खर्च घटाई बाँकी रकम दावीकर्तालाई मृत्यु दावी भुक्तानी गर्नु पर्नेछ र किरिया खर्चको रकम सो भुक्तानी कर्ता/यातायात व्यवसायीलाई सोधभर्ना दिनु पर्नेछ ।

(ङ) **मृत्यु भएमाः** सवारी साधनको चालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मीको दुर्घटनाबाट मृत्यु भएको व्यहोरा कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट प्रमाणित भएको अवस्थामा किरिया खर्च समेत प्रति मृतक जम्मा पाँच लाख रुपैयाँको दरले बीमकले भुक्तानी दिनेछ। यसको अतिरिक्त सवारी साधन दुर्घटनाबाट घाइते भई औषधोपचार गर्दागर्दै त्यस्तो व्यक्तिको मृत्यु भएमा प्रति मृतक तीन लाख रुपैयाँको हदमा नबढ्ने गरी आवश्यक तथा वास्तविक औषधोपचार खर्च समेत बीमकले भुक्तानी दिनेछ ।

**स्पष्टीकरणः** बीमितले थप बीमाशुल्क भुक्तानी गरी चालक तथा अन्य सम्बन्धित कर्मचारी, यात्रीको बीमाङ्क थप गरी बीमालेख जारी गर्न अनुरोध गरे बमोजिम बीमकले बीमाङ्क बढाएको अवस्थामा सोही बीमालेखमा उल्लेख भएको बीमाङ्कको आधार बमोजिम बीमकले दावी भुक्तानी दिनेछ ।

(३) आफैले जानाजान लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयासबाट वा मादकपदार्थ वा लागूपदार्थको सेवनबाट दुर्घटनामा परी त्यसको परिणाम स्वरूप भएको हानि-नोक्सानी वापत कुनै क्षतिपूर्ति दिइने छैन ।

(४) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**स्पष्टीकरणः** उपर्युक्त बमोजिम निर्धारित रकमले सवारी सम्बन्धी प्रचलित कानूनमा उल्लिखित प्रावधानहरूलाई कुनै असर पर्ने छैन ।

**सम्पुष्टि नं. ७, व्यापक बीमा भएको थन्क्याइएको (लेड अप) सवारी साधन सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) बीमालेखमा जुनसुकै व्यहोरा उल्लेख भए तापनि कुनै सवारी साधन प्रयोगमा नरहेको अवधिभर उक्त सवारी साधनलाई आगलागी, चट्याङ्ग, सवारी साधन वा सोमा जडित पार्टपुर्जाको विष्फोटन वा स्वजलन, भूकम्प, बाढी/डुबान, पहिरो/भूस्खलन, आँधीबेहरी, असिना, हिउँ वा तुषारो, चोरी, सेंधमारी वा नकवजनीबाट भएको हानि-नोक्सानी बाहेक अन्य विषयमा उक्त सवारी साधनको बीमालेख अन्तर्गत बीमकको दायित्व स्थगन हुनेछ ।

(३) उपदफा (२) को अवस्थामा बीमकले पछिल्लो वर्ष नवीकरण गर्दा लाग्ने बीमाशुल्कमा त्यस वापतको छुट रकम घटाई दिनेछ र कुनै दावी रहित छुट (No Claim Discount) पाउने भए त्यस्तो दावी रहित छुटको हिसाबको लागि सो घटेको रकमको हिसाब मिलान गरिनेछ । दावी रहित छुटको लागि पाउने आधार (समयावधि) गणना गर्दा अघिल्लो वर्ष थन्क्याइएको अवधिलाई घटाएर बाँकी अवधिलाई समानुपातिक रूपमा गणना गरी छुट दिनु पर्नेछ । साथै, थप बीमाशुल्क रकम बुझाएमा बीमा अवधि बढाउन सकिनेछ । उपदफा (२) को अवस्थामा बीमकले पछिल्लो वर्ष नवीकरण गर्दा लाग्ने बीमाशुल्कमा त्यस वापतको छुट रकम घटाई दिनेछ र कुनै दावी रहित छुट (No Claim Discount) पाउने भए त्यस्तो दावी रहित छुटको हिसाबको लागि सो घटेको रकमको हिसाब मिलान गरिनेछ । साथै, थप बीमाशुल्क रकम बुझाएमा बीमा अवधि बढाउन सकिनेछ ।

(४) बीमालेख पूर्ण रूपले पुनः लागू भई सम्बन्धित सम्पुष्टि रद्द भएको अवस्थामा सवारी साधन प्रयोगमा नआएको अवधि गणना गरी पछिल्लो वर्ष नवीकरणमा लाग्ने शुल्कमा त्यस वापतको छुट दिनु पर्ने रकम घटाइने छ । कुनै दावी रहित छुट (No Claim Discount) पाउने भए त्यस्तो दावी रहित छुटको हिसाबको लागि सो घटेको रकमको हिसाब मिलान गरिनेछ । साथै, थप बीमाशुल्क रकम बुझाएमा बीमा अवधि बढाउन सकिनेछ ।

(५) बीमालेखमा उल्लिखित अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. ८, हड्ताल, हूलदङ्गा तथा द्वेषपूर्ण (रिसइवी) कार्य बीमा सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी साधन सम्बन्धमा हड्ताल, हूलदङ्गा तथा द्वेषपूर्ण (रीसइवी) कार्यबाट भएको हानि-नोक्सानी बीमकले वहन गर्नेछ ।

(३) विदेशी शत्रुको कार्यद्वारा भएको युद्ध, आक्रमण वा यस्तै समान कार्य, गृहयुद्ध, विद्रोह, नागरिक उपद्रव, सैनिक गतिविधिको असर, नागरिक विद्रोह, क्रान्ति, राज्य विरूद्ध कार्य, विध्वंशात्मक कार्य, सैनिक विद्रोह वा कुनै राजनीतिक दल वा संस्थाको पक्षमा भएको बल प्रयोगबाट हुने आतङ्क वा अशान्ति जस्ता गतिविधिबाट भएको हानि-नोक्सानीमा बीमकको कुनै दायित्व हुने छैन ।

(४) उपदफा (३) बमोजिमको कारणबाट भएको कुनै पनि दावीलाई सो कारणबाट नभई अरू नै कारणबाट सृजना भएको भन्ने कुरा प्रमाणित गर्ने दायित्व बीमितको हुनेछ । सो कुरा बीमितबाट प्रमाणित हुन नसकेको अवस्थामा यस प्रकारको दावीको भुक्तानी दिन बीमक जिम्मेवार हुने छैन ।

(५) बीमालेखमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमाको अवधि समाप्त हुनु अगावै बीमितले यो सम्पुष्टिको प्रभाव हटाइयोस् भनी अनुरोध गरेको अवस्थामा थप बीमाशुल्क वा सोको कुनै अंश फिर्ता गरिने छैन ।

तर, यो सम्पुष्टि र सवारी साधनसम्बन्धी बीमालेख एकै साथ समाप्त हुने अवस्थामा खुद बीमाशुल्कबाट छोटो अवधिको लागि लाग्ने बीमाशुल्क रकम कट्टी गरी बाँकी रकम फिर्ता गरिनेछ र यस जोखिम वापत प्रत्येक सवारी साधनको लागि लिइने न्यूनतम बीमाशुल्क एक सय रुपैयाँभन्दा घटी हुने छैन ।

(६) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. ९, आतङ्ककारी तथा विध्वंशात्मक कार्य जोखिम बीमा सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी साधन सम्बन्धमा आतङ्ककारी तथा विध्वंशात्मक कार्य जोखिमबाट भएको हानि-नोक्सानीको क्षतिपूर्तिको भुक्तानी बीमकले गर्नेछ ।

(३) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. १०, पार्टपूर्जा फेरबदल सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) बीमालेखमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारी साधन हानि-नोक्सानी भएको अवस्थामा त्यस्तो सवारी साधनलाई आवश्यक पर्ने पार्टपूर्जा देशभित्र उपलब्ध हुन नसकेमा बीमकले बीमालेखको शर्तको अधीनमा रही देहाय बमोजिम भुक्तानी दिनेछः-

(क) सबभन्दा पछिल्लो मूल्यसूची (Catalogue) मा उल्लेख भएको मूल्य तथा जुन देशमा सवारी साधन मर्मतको लागि राखिएको छ त्यस देशको लागि त्यस्तो सवारी साधन उत्पादन गर्ने कम्पनीको प्रतिनीधिले वितरण गरेको मूल्यसूची (Catalogue) बमोजिम,

(ख) पछिल्लो मूल्यसूची (Catalogue) उपलब्ध नभएमा उचित ढुवानी खर्च (हवाई ढुवानी बाहेक) सहित अघिल्लो मूल्यसूची (Catalogue) बमोजिम,

(ग) त्यस्ता पार्टपूर्जाहरू जडान गर्न लाग्ने उचित खर्च ।

(३) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. ११, अतिरिक्त खतराजन्य (Extra Hazardous) काम गर्न निषेध सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) बीमा गरिएको सवारी साधन वा सोको पार्टपूर्जा वा त्यसमा संलग्न अतिरिक्त खतरापूर्ण प्रकृतिको कामको कारणबाट दुर्घटना भई हुने हानि-नोक्सानीको क्षतिपूर्ति गर्न बीमक बाध्य हुने छैन ।

(३) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. १२, ट्रेलर/ट्ली (मालसामान ओसार्ने) बीमा सम्बन्धीः**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानी गरेको आधारमा बीमालेख अन्तर्गत प्रदान गरिने क्षतिपूर्ति ट्रेलर/ट्रली (मालसामान ओसार्ने) मा विस्तार गरिएको छ ।

(३) ट्रेलर/ट्रलीमा मानिस राखेको अवस्थामा दुर्घटना भई सोमा सवार कुनै व्यक्तिको मृत्यु भएमा वा शारीरिक चोटपटक लागेमा बीमकले कुनै प्रकारको दावी भुक्तानी गर्ने छैन ।

(४) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. १३, पावर टिलर (मालसामान ओसार्ने समेत) बीमा सम्बन्धी:**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) बीमाशुल्क भुक्तानीको आधारमा बीमालेख अन्तर्गत प्रदान गरिने क्षतिपूर्ति पावर टिलर (मालसामान ओसार्ने) मा विस्तार गरिएको छ ।

(३) ट्याक्टर तथा पावर ट्रिलरको चालक तथा एक हेल्पर कर्मचारी बाहेक अन्य मानिस राखेको अवस्थामा दुर्घटना भई सोमा सवार कुनै व्यक्तिको मृत्यु भएमा वा शारीरिक चोटपटक लागेमा बीमकले कुनै प्रकारको दावी भुक्तानी गर्ने छैन ।

(४) ट्याक्टर वा पावर ट्रिलरको बीमा गर्दा अनिवार्य रूपले एक चालक र एक हेल्परको बीमा गरेर मात्र बीमालेख जारी गर्नु पर्नेछ ।

(५) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. १४, एग्रीकल्चर, फरेस्ट्री भेहिकल बीमा सम्बन्धी:**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) एग्रीकल्चर, फरेस्ट्री भेहिकल (सडकमा गुड्ने अनुमति भएको) आफ्नो कार्यको सिलसिलामा (Tools of Trade) प्रयोग हुँदाको क्षति हानि-नोक्सानी तथा तेश्रो पक्ष दायित्व यस बीमालेखले रक्षावरण गर्नेछ ।

(३) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. १५, कन्स्ट्रक्सन इक्यूप्मेण्ट/भेहिकलहरूको बीमा सम्बन्धी:**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) कन्स्ट्रक्सन इक्यूप्मेण्ट/भेहिकल (Tools of Trade) टुल अफ ट्रेडको अवस्थामा बाहेक) सडकमा गुड्ने अनुमति भएमा सडकमा गुड्दाको अवस्थामा भएको सवारी साधनको तथा तेश्रो पक्षको हानि-नोक्सानीको क्षतिपूर्ति बीमालेखको अधीनमा रही बीमकले प्रदान गर्नेछ ।

(३) बीमालेखमा उल्लिखित अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. १६, भन्सार महसुल नलागेको वा कम लागेको सवारी साधन बीमा सम्बन्धी:**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) बीमालेखमा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार महसुल नलागेको वा कम लागेको सवारी साधनको बजार मूल्य बमोजिम वा भन्सार महसुल छुट गरिएको मूल्य बमोजिम घोषित मूल्य कायम गर्न सकिनेछ ।

(३) सवारी साधनको घोषित मूल्य कायम गर्दा देहाय बमोजिम भएको अवस्थामा देहाय बमोजिम हुनेछ:-

(क) बजार मूल्य बमोजिम घोषित मूल्य कायम गरिएकोमा,

(अ) सवारी साधनको आंशिक क्षति भएको अवस्थामा बीमकले अन्य सवारी साधन सरह क्षतिपूर्ति प्रदान गर्नेछ ।

(आ) सवारी साधनको पूर्ण क्षति वा लक्षित पूर्ण क्षति भएको अवस्थामा बीमकको दायित्व समानुपातिक रूपमा रद्दी (Salvage) तथा महसुल कट्टी मूल्य बराबरको हुनेछ ।

तर बीमितले महसूल चुक्ता गर्न र रद्दी (Salvage) फिर्ता गर्न चाहेमा बजार मूल्य बराबरको रकम बीमकले भुक्तानी दिनेछ र यस्तो रकम घोषित मूल्यभन्दा बढी हुने छैन ।

(ख) भन्सार छुट भएको मूल्य बमोजिम घोषित मूल्य कायम गरिएकोमा,

(अ) सवारी साधनको आंशिक क्षति भएको अवस्थामा बीमकको दायित्व घोषित मूल्य र बजार मूल्यको समानुपातिक मूल्य बराबर हुनेछ अर्थात् औसत शर्त (Average Clause) लागू हुनेछ ।

(आ) सवारी साधनको पूर्ण क्षति वा लक्षित पूर्ण क्षति भएको अवस्थामा बीमकको दायित्व घोषित मूल्य बराबर हुनेछ ।

(४) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. १७, दुर्घटना भई सडकबाट बाहिर गएको सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा सम्बन्धी:**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी साधन दुर्घटना भई सडकबाट बाहिर गएको अवस्थामा सो सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने आवश्यक तथा वास्तविक खर्च बीमकले भुक्तानी गर्नेछ ।

तर त्यस्तो खर्च वापत बीमकले भुक्तानी गर्ने रकम सवारी साधन (सोमा जडित पार्टपूर्जा समेत) को घोषित मूल्यको ५% वा एक लाख रुपैयाँमध्ये जुन कम हुन्छ सोभन्दा बढी हुने छैन ।

(३) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. १८, दुर्घटना भई सडकबाट बाहिर गएको कन्स्ट्रक्सन इक्यूपमेण्ट/भेहिकललाई सडकसम्म निकाल्दा लाग्ने खर्चको बीमा सम्बन्धी:**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) अतिरिक्त बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको सवारी साधन दुर्घटना भई सडकबाट बाहिर गएको अवस्थामा सो सवारी साधनलाई सडकसम्म निकाल्दा लाग्ने आवश्यक तथा वास्तविक खर्च बीमकले भुक्तानी गर्नेछ ।

तर त्यस्तो खर्च वापत बीमकले भुक्तानी गर्ने रकम सवारी साधन (सोमा जडित पार्टपूर्जा समेत) को घोषित मूल्यको ५% वा दुई लाख पचास हजार रुपैयाँमध्ये जुन कम हुन्छ सोभन्दा बढी हुने छैन ।

(३) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

**सम्पुष्टि नं. १९, हायर पर्चेज सम्बन्धी:**

(१) यो स्वीकार तथा मञ्जुर गरिन्छ कि यो सम्पुष्टि सम्बन्धित बीमालेखसंग संलग्न भई सोको अभिन्न अङ्ग हुनेछ ।

(२) बीमालेखको तालिकामा बीमितको नाम जेसुकै उल्लेख भएको भए तापनि बीमा गरिएको सवारी साधनमा श्री ..........................................................

(यसपछि वास्तविक मालिक भनिने) को बीमायोग्य हित रहेको व्यहोरा स्वीकार गरिन्छ ।

(३) यस बीमालेख अन्तर्गत बीमा भएको सवारी साधनमा यसै बीमालेखको परिच्छेद-१ बमोजिम हानि-नोक्सानी भई सोको क्षतिपूर्ति (मर्मत, बदली वा नयाँ भर्नाको माध्यमबाट बाहेक) वापत नगद भुक्तानी दिनु पर्दा उपनिर्देशिका (२) बमोजिमको वास्तविक मालिकलाई भुक्तानी गरिने छ ।

(४) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरू यथावत रहने छन् ।

निमित्त: **शिखर इन्स्योरेन्स कम्पनी लि.**

अधिकार प्राप्त अधिकारी

नाम थर :

दर्जा :

मिति: छाप